# लक्ष्मीनियाँ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### लक्ष्मीनियाँ बजार, धनुषा
### प्रदेश नं.२, नेपाल

# उद्यम विकाश सहजकर्ता करारमा पदपुर्ति सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति :२०७७/०७/२८)**

आ.व.२०७७/०७८ मा यस लक्ष्मीनियाँ गाउँपालिकामा सञ्चालन हुने गरिवी निवारणका लागि लघु उद्यम विकाश कार्यक्रमको लागि गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका ,२०७७ को दफा ५ बमोजिम आवश्यक उद्यम विकास सहजकर्ता करारमा पदपुर्ति गर्नु पर्ने भएकोले निम्न बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ (पन्द्र) दिनभित्र आवश्यक कागजातहरु र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | पद | माग संख्या |
|---|---|---|---|
| १ | ५/०७७/०७८ | उद्यम विकास सहजकर्ता | २ |

१. **आवश्यक न्युनतम् योग्यता र अनुभव :**

**क. योग्यता** : प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम परिषदबाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धि डिप्लोमा कोर्ष गरेको वा प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम परिषदबाट उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ उतीर्ण गरेको वा प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम परिषदबाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धि प्रवेशिका परिक्षा (TSLC) उतीर्ण गरेको।

**ख.** कम्तीमा तीन महिना आधारभुत कम्पयुटर सीप तालिम गरेको।

**ग.** गरिवी निवारणमा लागि लघु उद्यम विकास कायक्रममा काम गरेको कम्तीमा २(दुई) बर्ष अनुभव भएको।

२. **दरखास्त दिने स्थान** : लक्ष्मीनियाँ गाउँपालिकाको कार्यालय,लक्ष्मीनियाँ बजार, धनुषा।

३. **दरखास्त दिने अन्तिम मिति** : २०७७/०८/१२ गते सम्म।

४. **आवेदन शुल्क** : रु .१,०००।-

५. **छनोटको किसिम** : लिखित र अन्तरवार्ता परिक्षा।

६. **आवेदन साथ संलग्न कागजातहरु** : आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको कागजातहरुको प्रमाणित प्रतिलिपि।

- नेपाली नागरिकताको प्रतिलिपि।
- न्युनतम् योग्यताको लब्धांक प्रमाणपत्र।
- चारित्रिक प्रमान पत्र।
- अनुभव खुल्ने प्रमाण पत्र।
- पासपोर्ट साईजको फोटो २ प्रति

७. **सेवा सुविधा** : नेपाल सरकारको नियमानुसार

८. **पदले सम्पादित गर्नु पर्ने कार्य विवरण** : गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को अनुसूची १ बमोजिम हुनेछ।

**नोट** : आवेदन फारम www.laxminiyamun.gov.np बाट डाउनलोड गर्न सकिन्छ। साथै उद्यम विकास सहजकर्ताको कार्य विवरण लगायत अन्य जानकारी गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ मा उपलब्ध छ।

**प्रमुख प्रशासकीय अधिकृत**